गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
**कृषि विकास कार्यालय, स्याङ्जा**

## आवेदन प्रस्ताव पेस गर्ने सम्बन्धि तेस्रो पटक प्रकाशित सूचना

(मितिः २०८२/१०/२५)

कृषि विकास कार्यालय, स्याङ्जाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्न चाहने स्याङ्जा जिल्ला भित्रका ईच्छुक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु समेत संलग्न गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको बाँकी वार्षिक लक्ष्य | बाँकी बजेट (रु.लाख) | छनौटका न्यूनतम आधार (अनुसरण गर्नुपर्ने मापदण्ड) (मापदण्डहरु molmac.gandaki.gov.np मा गई डाउनलोड गरी हेर्न सक्नुहुनेछ) |
|---|---|---|---|---|---|
| १ | कृषि उद्यम प्रवर्द्धन कार्यक्रम | ५० | १० संख्या | ५० | कृषि उपजको ग्रेडिङ, लेबलिङ, प्याकिङ तथा प्रशोधन सम्बन्धि कार्यका लागि आवेदन दिन सकिनेछ। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| २ | फलफूल नर्सरी स्थापना तथा सञ्चालन | ५० | २ संख्या | १० | (फलफूल, तरकारी तथा नगदेबाली बिरुवा नर्सरी/स्रोत केन्द्र स्थापना सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ३ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५०-९० | ३ हे. | ४.५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल विकास सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ४ | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | ५०-९० | २ संख्या | १० | ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडाका कृषि फर्म, कृषक समूह/कृषि सहकारीमार्फत आवेदन दिन सक्नेछन्। आवेदकले होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घरसँग पूर्व खरिद सम्झौता गर्नुपर्नेछ। (जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ को दफा ३) |

*नोटः प्रथम र दोस्रो पटक प्रकाशित सूचना बमोजिम छनौट भएका र न्यूनतम योग्यता नपुगी वा अन्य कुनै कारणबाट छनौटमा नपरेका आवेदक बाहेक अन्य नयाँ आवेदकले मात्र आवेदन पेस गर्न सकिनेछ।*

**आवश्यक कागजात**

- कार्यक्रम माग सम्बन्धि निवेदन र स्पष्ट रुपले भरिएको प्रस्तावना फारम।
- जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौता प्रतिलिपि।
- कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको वडा कार्यालयको सिफारिस पत्र वा सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र।
- फर्म/समूह/संस्था/समिति/कम्पनी वा सहकारीको हकमा दर्ता प्रमाणपत्र तथा प्यानको प्रतिलिपि
  नवीकरण प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. को कर चुक्ताको प्रमाणपत्र।
- आवेदकलाई सहज भएमा माथी उल्लिखित कागजात स्क्यान गरी यस कार्यालयको इमेल akcsyangja@gmail.com पठाउन सकिनेछ तर सम्झौता चरण वा कार्यालयले मागेको समयमा सक्कल कपी बुझाउनुपर्नेछ।

**पुनश्च : उल्लेखित कार्यक्रमहरुको बजेट सीमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि एकीकृत कार्यविधि, २०८१ र मापदण्डमा भएका व्यवस्था अनुसार सञ्चालन हुनेछ। साथै, उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदकहरु उपर कुनै प्रक्रिया अघि बढाइने छैन।**

**Website:** www.syangja.akc.gov.np
**इमेल** : akcsyangja@gmail.com
९८५६०५५२७६ (कार्यालय प्रमुख), ९८५६०५४०८५ (सूचना अधिकारी)
**सम्पर्क व्यक्तिः मेनुका बोहरा (प्राविधिक सहायक)-९८६७९९१६४०**

वरिष्ठ कृषि विकास अधिकृत

CamScanner